# संघीय संसद
# प्रतिनिधी सभा
# शिक्षा तथा स्वास्थ्य समिति

**पारमाणविक तथा रेडियोधर्मी पदार्थको सुरक्षित तथा शान्तिपूर्ण प्रयोग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा समितिको प्रतिवेदन**

१. पारमाणविक तथा रेडियोधर्मी पदार्थको सुरक्षित तथा शान्तिपूर्ण प्रयोग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (यसपछि "मूल विधेयक" भनिएको) को लामो शीर्षकमा रहेका "पारमाणविक तथा रेडियोधर्मी पदार्थको सुरक्षित तथा शान्तिपूर्ण प्रयोग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" भन्ने शव्दहरुको सट्टा "रेडियोधर्मी पदार्थको नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" भन्ने शव्दहरु राख्ने ।

२. मूल विधेयकको प्रस्तावनाको सट्टा देहायको प्रस्तावना राख्ने :-

" **प्रस्तावना** : रेडियोधर्मी पदार्थ एवम् प्रविधिको सुरक्षित तथा शान्तिपूर्ण उपयोग गर्न, अध्ययन अनुसन्धान गर्न र आयनिकरण गर्ने विकिरणबाट पर्न सक्ने प्रतिकूल प्रभावबाट सर्वसाधारणको जीउधनको सुरक्षा तथा वातावरण संरक्षण गर्ने सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।"

३. मूल विधेयकको दफा १ को सट्टा देहायको दफा १ राख्ने :-

" **१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "रेडियोधर्मी पदार्थको नियमन सम्बन्धी ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।"

४. मूल विधेयकको दफा २ को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्ने :-

"(क) “अभ्यास” भन्नाले रेडियोधर्मी पदार्थ र अन्य विकिरणका स्रोतबाट थप संसर्ग (एक्स्पोजर) गराउने वा सम्भावित संसर्ग बढाउने वा संसर्गका स्रोत वा मार्ग वा मार्गहरुको संजाललाई परिवर्तन गर्ने मानवीय कृयाकलाप सम्झनु पर्छ ।"

(२) खण्ड (ख) मा रहेका “आयनिकृत विकिरण” भन्ने शव्दहरुको सट्टा “आयनिकरण गर्ने विकिरण (आयोनाइजिङ रेडिएसन)” भन्ने शव्दहरु राख्ने ।

(३) खण्ड (ग) मा रहेका “दफा ९ बमोजिमको” भन्ने शव्दहरुको सट्टा “दफा ११ बमोजिम जारी” भन्ने शव्दहरु राख्ने ।

(४) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राख्ने :-

"(घ) “इजाजतपत्रवाला” भन्नाले दफा ११ बमोजिम इजाजतपत्र प्राप्त संस्था सम्झनु पर्छ ।"

(५) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राख्ने :-

"(च) “कृयाकलाप” भन्नाले आयनिकरण गर्ने विकिरणका स्रोतको उत्पादन, प्रयोग, निकासी, पैठारी तथा रेडियोधर्मी पदार्थको ढुवानी, संयन्त्र (फेसिलिटी) को स्थान निर्धारण, निर्माण, शुरूवात, संचालन र संयन्त्र नष्ट वा बन्द गर्ने, रेडियोधर्मी फोहोरमैला व्यवस्थापन र स्थान (साइट) को पुनर्स्थापना सम्बन्धी कार्य सम्झनु पर्छ ।"

(६) खण्ड (छ) मा रहेका "पारमाणविक पदार्थ तथा" भन्ने शव्दहरु झिक्ने ।

(७) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राख्ने :-

"(झ) “निकासी” भन्नाले रेडियोधर्मी पदार्थ र सो सम्बन्धी उपकरण वा प्रविधि नेपालबाट बाहिर निर्यात गर्ने कार्य सम्झनु पर्छ ।"

(८) खण्ड (झ) पछि मूल विधेयकको खण्ड (ण) लाई खण्ड (ञ) कायम गरी सोको सट्टा देहायको खण्ड (ञ) राखी त्यसपछिको खण्डक्रम मिलाउनेः-

"(ञ) “नियमनकारी निकाय” भन्नाले दफा ४ बमोजिमको नियमनकारी निकाय सम्झनु पर्छ ।"

(९) अब कायम हुने खण्ड (ञ) पछि देहायको खण्ड (ट) थप गरी त्यसपछिको खण्डक्रम मिलाउने:-

"(ट) “निर्देशक समिति” भन्नाले दफा ६ बमोजिमको निर्देशक समिति सम्झनु पर्छ ।"

(१०) मूल विधेयकको खण्ड (ञ) अब कायम हुने खण्ड (ठ) मा रहेका "दफा १९" भन्ने शव्दहरुको सट्टा "दफा २२ को उपदफा (२)" भन्ने शव्दहरु राख्ने ।

(११) मूल विधेयकको खण्ड (ट) हटाउने ।

(१२) मूल विधेयकको खण्ड (ड) को सट्टा देहायको खण्ड (ड) राख्ने :-

“(ड) “पैठारी” भन्नाले रेडियोधर्मी पदार्थ, सो सम्बन्धी उपकरण वा प्रविधि नेपालभित्र आयात गर्ने कार्य सम्झनु पर्छ ।”

(१३) मूल विधेयकको खण्ड (ड) पछि देहायको खण्ड (ढ) थपी खण्डक्रम मिलाउनेः-

“(ढ) “रेडियोधर्मी स्रोत” भन्नाले रेडियोधर्मी पदार्थ र आयनिकरण गर्ने विकिरण उत्सर्जन गर्ने वा फैलाउन सक्ने उपकरण सम्झनु पर्छ ।”

(१४) मूल विधेयकको खण्ड (ठ) लाई खण्ड (ण) कायम गरी सोही खण्डमा रहेको "आयानिकृत" भन्ने शव्दको सट्टा "आयनिकरण गर्ने" भन्ने शव्दहरु राख्ने ।

(१५) मूल विधेयकको खण्ड (ढ), (भ), (म) र (य) झिक्ने ।

(१६) मूल विधेयकको खण्ड (त), (थ), (द), (ध), (न), (प), (फ) र (ब) को सट्टा परिभाषित शव्दहरुको वर्णानुक्रम अनुसार आवश्यक परिर्माजन सहित देहायका खण्ड (त), (थ), (द), (ध), (न), (प), (फ) र (ब) राख्ने :-

(त) "विसर्जन (डिस्पोजल)" भन्नाले उपयोग गरिएको इन्धन वा रेडियोधर्मी फोहोरमैला पुनः उपयोग नगर्ने गरी सुरक्षित विसर्जन वा विस्थापन गर्ने कार्य सम्झनु पर्छ ।

(थ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको विज्ञान तथा प्रविधि विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(द) "रेडियोधर्मी पदार्थ" भन्नाले अल्फा कण वा बिटा कण वा गामा-रे जस्ता विकिरण पैदा गर्न सक्ने पदार्थ सम्झनु पर्छ ।

(ध) "रेडियोधर्मी फोहोरमैला" भन्नाले यथास्थितिमा प्रयोग हुन नसक्ने र तोकिएको भन्दा बढी मात्रामा आयनिकरण गर्ने विकिरण उत्सर्जन गर्ने कुनै अभ्यास, क्रियापलाप वा संयन्त्रबाट निस्कासित रेडियोधर्मी पदार्थ वा सोसँग संक्रमित चिज वा वस्तुलाई सम्झनु पर्छ ।

(न) "सुरक्षा" भन्नाले मानिस र वातावरणलाई विकिरणजन्य जोखिमबाट सुरक्षित गर्न अपनाइने उपाय सम्झनु पर्छ ।

(प) "स्रोत" भन्नाले आयनिकरण गर्ने विकिरण उत्सर्जन गर्ने वा फैलाउन सक्ने कुनै पनि वस्तु, पदार्थ वा उपकरण सम्झनु पर्छ ।

(फ) "संयन्त्र" भन्नाले रेडियोधर्मी पदार्थको उत्पादन, प्रशोधन, प्रयोग, भण्डारण वा विसर्जन गर्ने स्थान सम्झनु पर्छ र सो शव्दले आयनिकरण गर्ने विकिरणबाट सुरक्षा उपाय अवलम्बन गर्नुपर्ने पूर्वाधार समेतलाई जनाउँछ ।

(ब) "संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापना वा दर्ता भएको संस्था सम्झनु पर्छ ।"

५. मूल विधेयकको परिच्छेद-२ को परिच्छेद शीर्षकमा रहेका "नियमनकारी निकाय सम्बन्धी" भन्ने शव्दहरुको सट्टा "नियमनकारी निकाय सम्बन्धी व्यवस्था" भन्ने शव्दहरु राख्ने ।

६. मूल विधेयकको दफा ३ को सट्टा देहायको दफा ३ राख्ने :-

"३. <u>रेडियोधर्मी स्रोतको प्रयोग</u> : रेडियोधर्मी स्रोत र सोसँग सम्बन्धित प्रविधिको प्रयोग मानव हित र शान्तिपूर्ण प्रयोजनको लागि मात्र गर्नु पर्नेछ ।"

७. मूल विधेयकको दफा ४ को,-

(१) उपदफा (१) मा रहेका “पारमाणविक तथा रेडियोधर्मी पदार्थ” भन्ने शव्दहरुको सट्टा “रेडियोधर्मी पदार्थ तथा संयन्त्रको” भन्ने शव्दहरु राख्ने र सोही उपदफामा रहेका "निमयनकारी निकायको" भन्ने शव्दहरुका सट्टा "एक नियमनकारी निकायको" भन्ने शव्दहरु राख्ने ।

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्ने :-

"(२) उपदफा (१) बमोजिमको नियमनकारी निकायको स्थापना नभएसम्म नियमनकारी निकायले गर्ने यस ऐन बमोजिमको कार्य मन्त्रालयले गर्नेछ ।"

८. मूल विधेयकको दफा ५ को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्ने :-

"(क) रेडियोधर्मी स्रोत सम्बन्धी अभ्यास, कृयाकलाप वा संयन्त्रको नियमनका लागि आवश्यक, योजना र कार्यक्रम तर्जुमा गर्ने,

(२) खण्ड (ख) मा रहेको “आयनिकृत” भन्ने शव्दको सट्टा “आयनिकरण गर्ने” भन्ने शव्दहरु राख्ने र सोही खण्डमा रहेको "सम्पत्ति" भन्ने शव्दको सट्टा "सम्पत्तिको सुरक्षा" भन्ने शव्दहरु राख्ने ।

(३) खण्ड (च), (छ) र (ज) को सट्टा देहायका खण्ड (च), (छ) र (ज) राख्ने :-

"(च) यस ऐनको अधीनमा रही रेडियोधर्मी स्रोत तथा सो सम्बन्धी कृयाकलाप, अभ्यास वा संयन्त्र संचालन गर्न इजाजतपत्र जारी गर्ने, निलम्वन वा खारेज गर्ने,

(छ) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका र मापदण्ड तथा इजाजतपत्रमा तोकिएको शर्त र अवस्थाको पालना गरे नगरेको अनुगमन र निरीक्षण गर्ने,

(ज) इजाजतपत्रवालाले संचालन गरेको कृयाकलाप, अभ्यास वा संयन्त्रको निरीक्षण, अनुगमन र जाँचबुझ गर्ने,"

(४) खण्ड (ज) पछि देहायको खण्ड (झ) थपी त्यसपछिको खण्डक्रम मिलाउने :-

"(झ) खण्ड (छ) र (ज) बमोजिम निरीक्षण, अनुगमन र जाँचबुझ गर्दा ऐन, नियम, निर्देशिका, मापदण्ड र इजाजतपत्रमा तोकिएको शर्त परिपालना भएको नदेखिएमा यस ऐन बमोजिम कारवाही गर्ने,"

(५) खण्ड (झ) लाई खण्ड (ञ) कायम गरी त्यसपछिको खण्डक्रम मिलाई विधेयकको खण्ड (ञ), (ट), (ठ) र (ढ) को सट्टा देहायका खण्ड (ट), (ठ), (ड) र (ढ) राख्ने र खण्ड (ण) को अन्त्यमा रहेको ",र" को सट्टा "पूर्णविराम (।)" राख्ने ।

"(ट) आयनिकरण गर्ने विकिरण र त्यसको प्रयोगबाट हुन सक्ने दुर्घटनाका सम्बन्धमा सर्वसाधारण र सरोकारवालालाई सचेतना कार्यक्रम सञ्चालन गर्ने,

(ठ) रेडियोधर्मी स्रोत तथा संयन्त्रको दुरुपयोग वा अनधिकृत प्रयोग हुन नदिन आवश्यक सुरक्षा उपायहरु अवलम्वन गर्ने,

(ड) रेडियोधर्मी स्रोत तथा सो सँग सम्बन्धित विपद व्यवस्थापनको तयारी सम्बन्धी योजना तर्जुमा र कार्यान्वयनमा सम्वद्ध सरकारी निकायहरु तथा सरोकारवालासँग सहयोग, सहकार्य र समन्वय गर्ने,

(ढ) आयनिकरण गर्ने विकिरणको सुरक्षा र संरक्षण सम्बन्धी अध्ययन अनुसन्धान गर्ने, गराउने,"

(६) खण्ड (ढ) र (त) झिक्ने ।

९. मूल विधेयकको दफा ५ पछि देहायका दफा ६, ७ र ८ थपी त्यसपछिको दफाक्रम मिलाउने :-

"६. <u>निर्देशक समिति</u> : (१) रेडियोधर्मी पदार्थको सम्बन्धमा नियमनकारी निकाय र पारमाणविक अनुसन्धान केन्द्रलाई आवश्यक निर्देशन दिन देहाय बमोजिमको एक निर्देशक समिति रहनेछ :-

| | |
|---|---|
| (क) मन्त्री, विज्ञान तथा प्रविधि हेर्ने | - अध्यक्ष |
| (ख) प्रधानसेनापति, नेपाली सेना | - सदस्य |
| (ग) सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | - सदस्य |
| (घ) सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | - सदस्य |
| (ङ) सचिव, गृह मन्त्रालय | - सदस्य |
| (च) सचिव, मन्त्रालय | - सदस्य |
| (छ) सचिव, रक्षा मन्त्रालय | - सदस्य |
| (ज) सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | - सदस्य |
| (झ) उपकुलपति, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान | - सदस्य |
| (ञ) महानिरीक्षक, नेपाल प्रहरी | - सदस्य |
| (ट) महानिरीक्षक, सशस्त्र प्रहरी बल, नेपाल | - सदस्य |
| (ठ) मन्त्रालयबाट मनोनीत एकजना महिला सहित तीनजना विज्ञ | - सदस्य |
| (ड) सहसचिव, मन्त्रालय | - सदस्य-सचिव |

(२) उपदफा (१) को खण्ड (ठ) बमोजिमका सदस्यको पदावधि सामान्यतः दुई वर्षको हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मनोनीत सदस्यले आफ्नो पदीय जिम्मावारी पूरा नगरेमा निजलाई जुनसुकै बखत पदबाट हटाउन सकिनेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाईको मौका दिइनेछ ।

(४) निर्देशक समितिको सचिवालय मन्त्रालयमा रहनेछ ।

७. **निर्देशक समितिको काम, कर्तव्य र अधिकार** : निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) रेडियोधर्मी पदार्थको प्रयोग एवं पारमाणविक पदार्थको अध्ययन, अनुसन्धान कार्यको समग्र मूल्यांकन तथा समीक्षा गर्ने,

(ख) रेडियोधर्मी पदार्थ एवं सोको प्रयोग वा अभ्यास सम्बन्धी कानूनको कार्यान्वयनमा कुनै वाधा, अड्काउ वा द्विविधा उत्पन्न भएमा त्यसको समाधानको लागि सहजीकरण गर्ने,

(ग) रेडियोधर्मी विकिरणबाट उत्पन्न हुन सक्ने प्रदूषण नियन्त्रण सम्बन्धी कार्यमा नियमनकारी निकायलाई निर्देशन दिने,

(घ) रेडियोधर्मी पदार्थको प्रयोग वा अभ्यास एवं पारमाणविक अनुसन्धान कार्यबाट देशको समग्र शान्ति र सुरक्षा, सर्वसाधारणको जीउधन र वातावरणमा कुनै प्रतिकूल असर पर्न सक्ने देखिएमा त्यसको नियन्त्रण वा न्यूनिकरण गर्ने सम्बन्धमा नियमनकारी निकाय र पारमाणविक अनुसन्धान केन्द्रलाई आवश्यक निर्देशन दिने,

(ङ) नेपाल पक्ष भएको कुनै सन्धि वा ऐजेन्सीसँग भएको सम्झौता बमोजिमका सुरक्षाका उपाय प्रभावकारी रुपमा अवलम्वन गर्ने सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(च) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

८. **निर्देशक समितिको बैठक** : (१) निर्देशक समितिको बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ ।

(२) निर्देशक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) निर्देशक समितिको बैठक बस्नु भन्दा कम्तीमा चौबीस घण्टा अगाडि बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना निर्देशक समितिको सदस्य-सचिवले सबै सदस्यहरुलाई दिनेछ ।

(४) निर्देशक समितिमा पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) निर्देशक समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(६) निर्देशक समितिको बैठकको निर्णय सदस्य-सचिवले अध्यक्षबाट प्रमाणित गराई राख्नेछ ।

(७) निर्देशक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि निर्देशक समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।"

१०. मूल विधेयकको परिच्छेद-३ को परिच्छेद शीर्षकमा रहेका "इजाजतपत्र, अनुगमन तथा निरीक्षण सम्बन्धी" भन्ने शव्दहरुको सट्टा "इजाजतपत्र सम्बन्धी व्यवस्था" भन्ने शव्दहरु राख्ने ।

११. मूल विधेयकको दफा ६ अब कायम हुने दफा ९ को सट्टा देहायको दफा ९ राख्ने :-

"९. <u>इजाजतपत्र लिनु पर्ने</u> : (१) नियमनकारी निकायबाट इजाजतपत्र प्राप्त नगरी कुनै पनि संस्थाले रेडियोधर्मी स्रोत र सो सँग सम्बन्धित अभ्यास, कृयाकलाप वा संयन्त्र सम्बन्धी कुनै पनि कार्य गर्न पाउने छैन ।

(२) शान्तिपूर्ण प्रयोजनको लागि रेडियोधर्मी स्रोतसँग सम्बन्धित अभ्यास, कृयाकलाप वा संयन्त्र संचालन गर्न चाहने तोकिए बमोजिमको प्राविधिक र व्यवसायिक क्षमता भएको संस्थाले तोकिए बमोजिमको ढाँचामा नियमनकारी निकायमा निवेदन दिनु पर्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत सम्बन्धित निकायबाट रेडियोधर्मी स्रोतसँग सम्बन्धित अभ्यास, कृयाकलाप वा संयन्त्र संचालन गर्न अनुमति लिई सञ्चालनमा रहेका व्यक्ति वा संस्थाले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र यस ऐन बमोजिम इजाजतपत्र लिनु पर्नेछ ।"

१२. मूल विधेयकको दफा ७ लाई दफा २१ कायम गरी विधेयकको दफा ८ र ९ अब कायम हुने दफा १० र ११ को सट्टा देहायका दफा १० र ११ राख्ने :-

"१०. <u>निवेदन उपर जाँचबुझ</u> : (१) नियमनकारी निकायले दफा ९ बमोजिम परेको निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा स्थलगत निरीक्षण गरी थप जानकारी वा विवरण लिन आवश्यक देखेमा निवेदकसँग थप जानकारी वा विवरण माग गर्न सक्नेछ ।

११. **<u>इजाजतपत्र जारी</u>** : (१) नियमनकारी निकायले दफा ९ बमोजिमको निवेदन उपर जाँचबुझ गर्दा त्यस्तो अभ्यास, क्रियाकलाप वा संयन्त्र संचालन गर्न उपयुक्त हुने देखिएमा सम्भावित हानि नोक्सानी वा जोखिम बहन गर्न सक्ने गरी तोकिए बमोजिमको धरौटी तथा दस्तुर लिई तोकिए बमोजिमको ढाँचामा इजाजतपत्र जारी गर्नेछ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र जारी गर्दा नियमनकारी निकायले त्यस्तो अभ्यास वा कृयाकलापको प्रकृतिलाई विचार गरी इजाजतपत्रवालाले पूरा गर्नु पर्ने थप शर्तहरु समेत तोक्न सक्नेछ ।

(३) दफा ९ बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा इजाजतपत्र जारी गर्न मिल्ने नदेखिएमा नियमनकारी निकायले सोको लिखित जानकारी निर्णय भएको मितिले सात दिनभित्र निवेदकलाई दिनु पर्नेछ ।"

१३. मूल विधेयकको दफा १० लाई दफा १२ कायम गरी दफाक्रम मिलाउने ।

१४. मूल विधेयकको दफा ११ अब कायम हुने दफा १३ को सट्टा देहायको दफा १३ राख्ने :-

"१३. **<u>इजाजतपत्र परित्याग गर्न सक्ने</u>** : (१) इजाजतपत्रवालाले यस ऐन बमोजिम कुनै अभ्यास वा कृयाकलाप वा संयन्त्र संचालन गर्न लिएको इजाजतपत्र परित्यागका लागि नियमनकारी निकायमा तोकिएको ढाँचामा निवेदन दिन सक्नेछ ।

(२) इजाजतपत्रको परित्यागबाट सर्वसाधारणको जीउधन, जीवजन्तु वा वातावरणको संरक्षणमा प्रतिकूल असर पर्ने नदेखिएमा र भविष्यमा सो इजाजतपत्रवालाको काम एवं कारणबाट सर्वसाधारणको जिउधन र वातावरणमा असर परेको यकिन भएमा सो को दायित्व बहन गर्ने शर्तमा नियमनकारी निकायले उपदफा (१) बमोजिमको इजाजतपत्र परित्यागको स्वीकृति दिनेछ ।"

१५. मूल विधेयकको दफा १२ लाई दफा १४ कायम गरी दफाक्रम मिलाउने ।

१६. मूल विधेयकको दफा १३ लाई दफा १५ कायम गरी सो दफाको उपदफा (३) झिकी त्यसपछिको उपदफाक्रम मिलाउने ।

१७. मूल विधेयकको दफा १४ अब कायम हुने दफा १६ को,-

(१) उपदफा (१) को,-

(क) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्ने :-

"(क) इजाजतपत्र प्राप्त गर्ने संस्थाले पूरा गर्नु पर्ने शर्त, पालना गर्नु पर्ने मापदण्ड तथा दायित्व पालना नगरेको वा दफा २२ को उपदफा (६) बमोजिम दिएको आदेश पालन नगरेमा, वा"

(ख) खण्ड (ख) मा रहेका "व्यक्ति वा" भन्ने शब्दहरु झिक्ने ।

(२) उपदफा (३) मा रहेको "आवश्यक" भन्ने शब्द झिक्ने ।

१८. मूल विधेयकको दफा १५ लाई दफा १७ कायम गरी दफाक्रम मिलाउने ।

१९. मूल विधेयकको दफा १६ लाई दफा १८ कायम गरी उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्ने :-

"(१) दफा ११ को उपदफा (३), दफा १६ को उपदफा (१) वा दफा १७ को उपदफा (१) बमोजिम नियमनकारी निकायले गरेको निर्णयमा चित्त नबुझ्ने संस्थाले त्यस्तो निर्णय भएको मितिले पैंतीस दिनभित्र मन्त्रालयमा उजुरी दिन सक्नेछ ।"

२०. मूल विधेयकको दफा १७ अब कायम हुने दफा १९ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्ने :-

"(१) यस ऐनमा अन्यत्र लेखिएका कुराका अतिरिक्त इजाजतपत्रवालाको दायित्व देहाय बमोजिम हुनेछ :-

(क) इजाजतपत्र बमोजिमको अभ्यास, कृयाकलाप वा संयन्त्र सुरक्षित, विश्वसनीय र भरपर्दो तरिकाले स्वीकृत मापदण्ड अनुसार संचालन गर्ने,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड इजाजतपत्रका शर्त तथा अवस्थाको पालना गर्ने,

(ग) नियमनकारी निकायले माग गरेको सूचना, कागजात, विवरण वा जानकारी तोकिएको अवधिभित्र उपलब्ध गराउने,

(घ) अनुगमन तथा निरीक्षण गर्दा नियमनकारी निकायलाई आवश्यक सहयोग गर्ने,

(ङ) विकिरणबाट संरक्षण वा सुरक्षा गर्ने सम्बन्धमा तोकिएका शर्त तथा मात्रा (डोज) को सीमा सम्बन्धी व्यवस्थाको परिपालना गर्नु पर्ने,

(च) वातावरणमा निष्कासित भएको विकिरणको मात्रा न्यूनतम तहमा रहेको सुनिश्चित गर्नु पर्ने,

(छ) संयन्त्र नष्ट वा विनाश गर्न एवं फोहोरमैलाको विसर्जन गर्न सुरक्षित प्रवन्ध गर्नु पर्ने,

(ज) इजाजतपत्रप्राप्त अभ्यास, कृयाकलाप वा संयन्त्र बन्द गर्नुपर्ने भएमा त्यस्तो अभ्यास, कृयाकलाप वा संयन्त्र बन्द गर्नु पूर्व नियमनकारी निकायबाट स्वीकृति लिने,

(झ) नियमनकारी निकायले समय समयमा तोकेका अन्य दायित्व पूरा गर्ने ।"

(२) उपदफा (२) मा रहेको "आयानिकृत" भन्ने शव्दको सट्टा "आयनिकरण गर्ने" भन्ने शव्दहरु राख्ने ।

(३) उपदफा (३) सट्टा देहायको उपदफा (३) राख्ने :-

"(३) भरपर्दो सुरक्षाको प्रबन्ध नगरेको वा लापरवाहीपूर्वक भण्डारण गरेको कारण चोरी भएको वा हराएको, फ्याँकिएको वा परित्याग गरिएको रेडियोधर्मी पदार्थको कारणबाट हानी नोक्सानी भएमा त्यस्तो हानी नोक्सानीको लागि इजाजतपत्रवाला जिम्मेवार हुनेछ ।"

(४) उपदफा (५) मा रहेका "रेडियोधर्मी वा पारमाणविक पदार्थको ढुवानी गर्दा आयानिकृत" भन्ने शव्दहरुको सट्टा "रेडियोधर्मी पदार्थको ढुवानी गर्दा आयनिकरण गर्ने" भन्ने शव्दहरु राख्ने ।

(५) उपदफा (६) झिक्ने ।

२१. मूल विधेयकको दफा १८ अब कायम हुने दफा २० को सट्टा देहायको दफा २० राख्ने :-

"२०. <u>पूर्व स्वीकृति लिनु पर्ने</u> : इजाजतपत्रवालाले इजाजतपत्रमा उल्लिखित कृयाकलाप वा अभ्यास वा ठेगानामा केही परिवर्तन गर्नु परेमा नियमनकारी निकायको पूर्व स्वीकृति लिनु पर्नेछ ।"

२२. मूल विधेयकको दफा ७ लाई दफा २१ कायम गरी सो दफा २१ को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्ने :-

"(क) इजाजतपत्र लिनु पर्ने अभ्यास, कृयाकलाप वा संयन्त्र,"

(२) खण्ड (घ) झिकी त्यसपछिको खण्डक्रम मिलाउने ।

(३) खण्ड (च) अव कायम हुने खण्ड (ङ) मा रहेका "व्यक्ति वा" भन्ने शब्दहरु झिक्ने र सोही खण्डमा रहेका "संरक्षणको उपाय" भन्ने शव्दहरुको सट्टा "संरक्षणको सुनिश्चितता" भन्ने शव्दहरु राख्ने ।

(४) खण्ड (झ) अव कायम हुने खण्ड (ज) को अन्तमा रहेको ",र" को सट्टा "पूर्णविराम (।)" राख्ने ।

(५) खण्ड (ञ) झिक्ने ।

२३. मूल विधेयकको परिच्छेद-३ पछि परिच्छेद-४ थपी सो परिच्छेद शीर्षकमा "नियमन सम्बन्धी व्यवस्था" भन्ने शव्दहरु राख्ने ।

२४. मूल विधेयकको दफा १९ लाई अब हुने परिच्छेद-४ अन्तर्गतको दफा २२ कायम गरी उक्त दफा २२ को,-

(१) उपदफा (२) मा रहेका "आयानिकृत विकिरण" भन्ने शव्दहरु झिक्ने ।

(२) उपदफा (३) को खण्ड (क), (ख) र (ग) को सट्टा देहायका खण्ड (क), (ख) र (ग) राख्ने :-

"(क) रेडियोधर्मी स्रोत सम्बन्धी अभ्यास, कृयाकलाप वा संयन्त्र संचालन गरेको स्थान वा भवनमा जुनसुकै समयमा प्रवेश गरी विकिरणजन्य सुरक्षा र संरक्षणको बारेमा जानकारी प्राप्त गर्न,

(ख) रेडियोधर्मी स्रोत सम्बन्धी संयन्त्र, कृयाकलाप वा अभ्यास संचालन गरेको स्थान वा भवनमा दुर्घटना हुन सक्ने सम्भावना देखिएमा पूर्व सावधानीको लागि तयारी बारेमा जानकारी प्राप्त गर्न,

(ग) विकिरणका स्रोत संलग्न कुनै अप्रत्यासित घटना वा दुर्घटना भएमा सो को जाँचबुझ र अनुसन्धान गर्न,"

(३) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्ने :-

"(४) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको शर्त तथा मापदण्डको पालना नभएको वा अनपेक्षित घटना वा अनधिकृत क्रियाकलाप भएको वा हुन सक्ने सम्भावना भएको लागेमा वा कुनै विश्वसनीय स्रोतबाट जानकारी प्राप्त हुन आएमा नियमनकारी निकायले अनुगमनको लागि ईजाजतपत्र प्राप्त संस्थामा निरीक्षक खटाउन सक्नेछ ।"

(४) उपदफा (५) झिकी त्यसपछिको उपदफाक्रम मिलाउने ।

(५) उपदफा (६) अब कायम हुने उपदफा (५) मा रहेका "अनुगमन तथा निरीक्षणको क्रममा" भन्ने शव्दहरुको सट्टा "अनुगमन तथा निरीक्षणको लागि खटिएको निरीक्षकलाई" भन्ने शव्दहरु राख्ने ।

(६) उपदफा (७) अब कायम हुने उपदफा (६) को सट्टा देहायको उपदफा (६) राख्ने :-

"(६) यस दफा बमोजिम निरीक्षण गर्दा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावली, निर्देशिका, मापदण्ड वा इजाजतपत्रका शर्तहरु वा नियमनकारी निकायले निर्धारण गरेका अन्य शर्तहरुको उल्लंघन हुने अभ्यास, कृयाकलाप वा संयन्त्र वा सोको कारणबाट मानव स्वास्थ्य वा जीवजन्तुलाई हानी नोक्सानी पुग्ने वा सम्पत्ति वा वातावरणमा क्षति हुन सक्ने देखिएमा निरीक्षकले त्यस्तो इजाजतपत्रवालालाई निश्चित अवधि तोकी शर्तहरुको पालना गर्न, त्यस्तो अभ्यास, कृयाकलाप वा संयन्त्र तत्काल रोक्न वा स्थगन गर्न वा रोक लगाइएको अभ्यास, कृयाकलाप वा संयन्त्रबाट उत्पन्न भएको रेडियोधर्मी पदार्थलाई सुरक्षित र भरपर्दो किसिमबाट भण्डारण गर्न आदेश दिन सक्नेछ ।"

(७) उपदफा (८) अब कायम हुने उपदफा (७) मा रहेका "उपदफा (७)" भन्ने शव्दहरुको सट्टा "उपदफा (६)" भन्ने शव्दहरु राख्ने ।

(८) उपदफा (९) अब कायम हुने उपदफा (८) मा रहेका "उपदफा (७)" भन्ने शव्दहरुको सट्टा "उपदफा (६)" भन्ने शव्दहरु राख्ने ।

(९) उपदफा (१०) अब कायम हुने उपदफा (९) मा रहेका "उपदफा (९)" भन्ने शव्दहरुको सट्टा "उपदफा (८)" भन्ने शव्दहरु राख्ने ।

(१०) उपदफा (११) झिक्ने ।

२५. मूल विधेयकको परिच्छेद-५ र सोको परिच्छेद शीर्षकलाई झिकी सो अन्तर्गतका दफा २२, २३, २४, २५ र २६ लाई अब कायम हुने परिच्छेद-४ अन्तर्गत क्रमश: दफा २३, २४, २५, २६ र २७ वनाउने।

२६. मूल विधेयकको दफा २२ अब कायम हुने दफा २३ को,-

(१) दफा शीर्षकमा रहेको "नियन्त्रण" भन्ने शव्दको सट्टा "नियमन" भन्ने शव्द राख्ने।

(२) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्ने :-

"(१) नियमनकारी निकायले रेडियोधर्मी स्रोत, पदार्थ तथा सोसँग सम्बन्धित यन्त्र तथा उपकरणको नियमन गर्ने प्रयोजनको लागि आवश्यक मापदण्ड तोक्नेछ ।"

(३) उपदफा (३) मा रहेको "सर्वसाधारणलाई" भन्ने शब्दको सट्टा "मानव स्वास्थ्य वा जीवजन्तुलाई" भन्ने शब्दहरु राख्ने ।

(४) उपदफा (४) झिक्ने ।

२७. मूल विधेयकको दफा २३ र २४ अब कायम हुने दफा २४ र २५ को सट्टा देहायको दफा २४ र २५ राख्ने :-

"२४. <u>रेडियोधर्मी स्रोतको अभिलेख</u> : (१) नियमनकारी निकायले रेडियोधर्मी स्रोतको अभिलेख राख्नु पर्नेछ।

(२) रेडियोधर्मी स्रोतको अभिलेख राख्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२५. <u>रेडियोधर्मी स्रोतको सुरक्षा र संरक्षण</u> : (१) रेडियोधर्मी स्रोतको सुरक्षा, संरक्षण र विश्वसनीय रुपमा प्रयोग गर्ने जिम्मेवारी इजाजतपत्रवालाको हुनेछ ।

(२) रेडियोधर्मी स्रोतको सुरक्षा र संरक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

२८. मूल विधेयकको दफा २५ अब कायम हुने दफा २६ को,-

(१) उपदफा (१) मा रहेका "रेडियोधर्मी स्रोतको" भन्ने शव्दहरुको सट्टा "रेडियोधर्मी स्रोत" भन्ने शव्दहरु राखे र उपदफा कायम नगर्ने।

(२) उपदफा (२) झिक्ने ।

२९. मूल विधेयकको परिच्छेद-४ लाई परिच्छेद-५ कायम गरी परिच्छेद शीर्षकमा रहेका "विकिरणबाट संरक्षण सम्बन्धी" भन्ने शव्दहरुको सट्टा "विकिरणबाट सुरक्षा तथा संरक्षण सम्बन्धी व्यवस्था" भन्ने शव्दहरु राखे ।

३०. मूल विधेयकको दफा २० अब कायम हुने दफा २८ को,-

(१) दफा शीर्षकमा रहेका "विकिरण संरक्षणको नियमन तथा नियन्त्रण" भन्ने शव्दहरुको सट्टा "विकिरणबाट सुरक्षा" भन्ने शव्दहरु राखे ।

(२) उपदफा (१) र (२) को सट्टा देहायका उपदफा (१) र (२) राखे :-

"(१) नियमनकारी निकायले आयनिकरण गर्ने विकिरणको संसर्गमा आएको कारणले हुन सक्ने हानी नोक्सानीबाट मानव स्वास्थ्य वा जीवजन्तुको सुरक्षा वा वातावरणको संरक्षण गर्न आवश्यक मापदण्ड र उपायहरु तोक्नेछ।

(२) नियमनकारी निकायले यस ऐन अन्तर्गत कुनै पनि अभ्यास, कृयाकलाप वा संयन्त्र संचालन गर्दा व्यक्तिको लागि विकिरणको मात्रा (रेडिएसन डोज) को अधिकतम सीमा निर्धारण गर्नेछ ।"

(३) उपदफा (३) मा रहेका "सिफारिसहरुलाई समेत" भन्ने शव्दहरुको सट्टा "मापदण्डको समेत" भन्ने शव्दहरु राखे ।

(४) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखे :-

"(४) नियमनकारी निकायले नियमन गर्नु नपर्ने स्रोत वा अभ्यासहरुको पहिचान देहाय बमोजिमको आधारमा गर्नेछ :-

(क) व्यक्तिको लागि जोखिमको तह नियमन गर्नुपर्ने भन्दा ज्यादै न्यून देखिएको,

(ख) विकिरणजन्य कूल प्रभाव ज्यादै न्यून भई नियमनकारी नियन्त्रण आवश्यक नभएको ।"

३१. मूल विधेयकको दफा २१ अब कायम हुने दफा २९ को,-

(१) उपदफा (१) मा रहेका "अभ्यास वा क्रियाकलाप संचालन गर्ने" भन्ने शव्दहरुको सट्टा "अभ्यास, कृयाकलाप वा  संयन्त्र संचालन गर्न" भन्ने शव्दहरु र "विकिरणबाट संरक्षण गर्ने" भन्ने शव्दहरुको सट्टा "रेडियोधर्मी श्रोतको संरक्षण गर्ने" भन्ने शव्दहरु राखे ।

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखे :-

"(२) कृषि, पशु, उद्योग र चिकित्सा सेवा सम्बन्धी अभ्यास, कृयाकलाप वा संयन्त्र संचालन गर्नको लागि उपदफा (१) बमोजिम रेडियोधर्मी श्रोतको संरक्षण गर्ने सम्बन्धी निर्धारण गरिएका शर्तहरूका अतिरिक्त नियमनकारी निकायले देहायका शर्तहरु समेत तोक्नेछ :-

(क) रेडियोधर्मी स्रोत प्रयोगकर्ताको आवश्यक योग्यता र तालीम,

(ख) रेडियोधर्मी स्रोत प्रयोग गर्ने व्यक्तिहरुको संरक्षणको लागि अपनाउनु पर्ने उपायहरु,

(ग) अभ्यासको औचित्यता र संसर्गको अप्टीमाइजेसन लगायत बिरामीको संरक्षण गर्नका लागि अपनाउनु पर्ने उपायहरु,

(घ) रेडियोधर्मी स्रोतको डिजाइन र संचालन सम्बन्धी मापदण्डहरु,

(ङ) रेडियोधर्मी स्रोतहरुको सुरक्षा र संरक्षणका लागि अपनाउनु पर्ने उपायहरु,

(च) चिकित्सकले सिफारिस गरेकोमा बाहेक विकिरणका स्रोतको प्रयोग गरी कुनै बिरामीको स्वास्थ्य परीक्षण गर्न, बिरामीलाई चिकित्सा सेवा प्रदान गर्न वा रोगको निदान वा उपचारको काम गर्न, गराउन नपाउने सम्बन्धी व्यवस्था ।"

(३) उपदफा (३) मा रहेका "विकिरणबाट संरक्षणका शर्त" भन्ने शव्दहरुको सट्टा "रेडियोधर्मी श्रोतको संरक्षणका शर्त" भन्ने शव्दहरु राखे ।

३२. मूल विधेयकको परिच्छेद-६ झिकी त्यसपछिको परिच्छेद र दफाक्रम मिलाउने ।

३३. मूल विधेयकको दफा ३१ अब कायम हुने दफा ३० मा रहेका "रेडियो न्युक्लाइड्स" भन्ने शव्दहरुको सट्टा "रेडियोधर्मी पदार्थ" भन्ने शव्दहरु राखे ।

३४. मूल विधेयकको दफा ३२ अब कायम हुने दफा ३१ को,-

(१) उपदफा (१) मा रहेका "संयन्त्र तथा रेडियो न्युक्लाइड्स नष्ट गर्दा" भन्ने शव्दहरुको सट्टा "संयन्त्र वा रेडियोधर्मी पदार्थ बन्द, नष्ट" भन्ने शव्दहरु राखे ।

(२) उपदफा (२) मा रहेका "बन्द गर्नु" भन्ने शव्दहरुको सट्टा "बन्द, नष्ट वा निष्कृय गर्नु" भन्ने शव्दहरु राखे ।

(३) उपदफा (३) मा रहेका "नष्ट गर्न वा निष्कृय बनाउन" भन्ने शव्दहरुको सट्टा "वन्द, नष्ट वा निष्कृय बनाउन" भन्ने शव्दहरु र सोही उपदफामा रहेका "व्यवस्थापन गर्ने" भन्ने शब्दहरुको सट्टा "व्यवस्थापन गर्नु पर्ने" भन्ने शब्दहरु राख्ने ।

(४) उपदफा (४) रहेका "उपदफा (३) बमोजिम संयन्त्र नष्ट गर्न" भन्ने शव्दहरुको सट्टा "उपदफा (२) बमोजिम संयन्त्र बन्द, नष्ट" भन्ने शव्दहरु राख्ने ।

३५. मूल विधेयकको परिच्छेद-८ लाई परिच्छेद-७ कायम गर्ने ।

३६. मूल विधेयकको दफा ३३ अब कायम हुने दफा ३२ को,-

(१) उपदफा (१) मा रहेको "पारमाणविक वा विकिरण सम्वद्ध विपदको विपद पूर्वतयारी" भन्ने शव्दहरुको सट्टा "विकिरण सम्वद्ध विपदको पूर्वतयारी" भन्ने शव्दहरु राख्ने ।

(२) उपदफा (२) मा ठाउँ ठाउँमा रहेका "पारमाणविक वा" भन्ने शव्दहरु झिक्ने ।

(३) उपदफा (५) मा रहेका "पारमाणविक वा" भन्ने शव्दहरु झिक्ने ।

(४) उपदफा (६) मा रहेका "नेपाल सरकार" भन्ने शव्दहरु झिक्ने ।

(५) उपदफा (६) पछि देहायको उपदफा (७) थप गर्ने :-

"(७) अभ्यास वा कृयाकलापबाट हुने हानी नोक्सानी समेतको क्षतिपूर्तिका लागि इजाजतपत्रवाला समेतको सहभागितामा नेपाल सरकारले कोषको व्यवस्था गर्न सक्नेछ र उक्त कोषको व्यवस्थापन तथा संचालन तोकिए बमोजिम हुनेछ ।"

३७. मूल विधेयकको दफा ३४ अब कायम हुने दफा ३३ को,-

(१) उपदफा (१) मा रहेका "पारमाणविक वा" भन्ने शव्दहरु झिक्ने ।

(२) उपदफा (१) पछि देहायको उपदफा (२) थप गरी त्यसपछिको उपदफाक्रम मिलाउने :-

"(२) नेपाल राज्य बाहिरबाट उत्पन्न हुने कुनै विकिरण सम्वद्ध विपद उत्पन्न भएमा वा हुन सक्ने अवस्था भएमा नेपाल सरकारले एजेन्सी तथा सम्बन्धित राष्ट्रसँग विपद व्यवस्थापन सम्बन्धमा तत्काल कुटनीतिक पहल गर्नेछ ।"

(३) उपदफा (२) अब कायम हुने उपदफा (३) मा रहेका "पारमाणविक दुर्घटना वा" भन्ने शव्दहरु झिक्ने ।

३८. मूल विधेयकको परिच्छेद-९ लाई परिच्छेद-८ कायम गरी परिच्छेद शीर्षकमा रहेको "सम्बन्धी" भन्ने शव्द पछि "व्यवस्था" भन्ने शव्द थप्ने ।

३९. मूल विधेयकको दफा ३५ अब कायम हुने दफा ३४ को उपदफा (३) मा रहेका "पदार्थको ढुवानी" भन्ने शव्दहरुको सट्टा "पदार्थ ढुवानी" भन्ने शव्दहरु राख्ने ।

४०. मूल विधेयकको दफा ३६ अब कायम हुने दफा ३५ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्ने :-

"(१) इजाजतपत्रवालाले रेडियोधर्मी पदार्थ ढुवानी गर्दा त्यस्तो पदार्थबाट जनस्वास्थ्य, पर्यावरण र राष्ट्रिय सुरक्षामा प्रतिकूल असर नपर्ने गरी सुरक्षित रुपमा गर्नु पर्नेछ ।"

(२) उपदफा ४ झिक्ने ।

४१. मूल विधेयकको परिच्छेद-१० लाई परिच्छेद-९ कायम गरी परिच्छेद शीर्षकमा रहेका "रेडियोधर्मी फोहोरमैला तथा उपयोग गरिएको इन्धनको (स्पेण्ट फ्युल) व्यवस्थापन सम्बन्धी" भन्ने शव्दहरुको सट्टा "रेडियोधर्मी फोहोरमैलाको व्यवस्थापन सम्बन्धी व्यवस्था" भन्ने शव्दहरु राख्ने ।

४२. मूल विधेयकको दफा ३७ अब कायम हुने दफा ३६ को सट्टा देहायको दफा ३६ राख्ने :-

"३६. <u>पैठारी गर्न नपाईने</u> : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि रेडियोधर्मी फोहोरमैला नेपाल सरहदभित्र पैठारी गर्न पाइने छैन ।"

४३. मूल विधेयकको दफा ३८ अब कायम हुने दफा ३७ को,–

(१) उपदफा (१) मा रहेका "वा उपयोग गरिएको इन्धनको" भन्ने शव्दहरु झिक्ने ।

(२) उपदफा (२) मा रहेका "वा उपयोग गरिएको इन्धन" भन्ने शव्दहरु झिक्ने ।

(३) उपदफा (३) मा रहेका "वा उपयोग गरिएको इन्धनको" भन्ने शव्दहरु झिक्ने ।

४४. मूल विधेयकको दफा ३९ अब कायम हुने दफा ३८ को,-

(१) दफा शीर्षकमा रहेका "र उपयोग गरिएको इन्धनको" भन्ने शब्दहरु झिक्ने ।

(२) उपदफा (१), (२) र (३) को ठाउँ ठाउँमा रहेका "वा उपयोग गरिएको इन्धन" भन्ने शव्दहरु झिक्ने ।

४५. मूल विधेयकको दफा ४० अब कायम हुने भएको दफा ३९ को सट्टा देहायको दफा ३९ राख्ने :-

"३९. <u>सुरक्षा तथा संरक्षण</u> : रेडियोधर्मी फोहोरमैलाबाट मानव स्वास्थ्य, जीवजन्तु तथा वातावरणमा पर्ने प्रतिकूल असरबाट बचाउन नियमनकारी निकायले आवश्यक मापदण्ड बनाई लागू गर्नेछ ।"

४६. मूल विधेयकको परिच्छेद-११ लाई परिच्छेद-१० कायम गरी परिच्छेद शीर्षकमा रहेका "सुरक्षा उपाय सम्बन्धी" भन्ने शव्दहरुको सट्टा "सुरक्षा उपाय सम्बन्धी व्यवस्था" भन्ने शव्दहरु राख्ने ।

४७. मूल विधेयकको दफा ४१ अब कायम हुने दफा ४० को,-

(१) उपदफा (१) मा रहेका "पारमाणविक विषयमा" भन्ने शव्दहरु झिक्ने ।

(२) उपदफा (२) मा रहेका "सम्झौता बमोजिमको देहाय बमोजिमका" भन्ने शब्दहरुको सट्टा "सम्झौता बमोजिम देहायका" भन्ने शब्दहरु राख्ने ।

(३) उपदफा (३) र (४) झिक्ने ।

४८. मूल विधेयकको दफा ४२ अब कायम हुने दफा ४१ मा रहेका "पारमाणविक हतियार तथा पारमाणविक" भन्ने शव्दहरुको सट्टा "विकिरण संवद्ध हतियार तथा" भन्ने शव्दहरु राख्ने ।

४९. मूल विधेयकको दफा ४३ अब कायम हुने दफा ४२ मा रहेका "कुनै पारमाणविक संयन्त्रमा" भन्ने शव्दहरुको सट्टा "कुनै पनि तोकिएका संयन्त्रमा" भन्ने शव्दहरु राख्ने र सोही दफामा रहेको स्पष्टीकरण खण्ड झिक्ने ।

५०. मूल विधेयकको दफा ४४ अब कायम हुने दफा ४३ मा रहेका "पारमाणविक पदार्थको" भन्ने शव्दहरुको सट्टा "तोकिएको रेडियोधर्मी पदार्थको" भन्ने शव्दहरु राख्ने र सोही दफामा रहेका "पारमाणविक पदार्थ सम्बन्धी जिन्सी र सोको प्रवाह पत्ता लगाउने अभिलेखन" भन्ने शव्दहरुको सट्टा "अभिलेखन" भन्ने शव्द राख्ने ।

५१. मूल विधेयकको दफा ४५ अब कायम हुने दफा ४४ को सट्टा देहायको दफा ४४ राख्ने :-

"४४. <u>रेडियोधर्मी पदार्थको निकासी वा पैठारी</u> : (१) कसैले पनि प्रचलित कानून बमोजिम इजाजतपत्र नलिई रेडियोधर्मी पदार्थ, त्यस्तो पदार्थसँग सम्बद्ध जानकारी, यन्त्र, उपकरण र प्रविधिको निकासी वा पैठारी गर्नु, गराउनु हुँदैन ।

(२) उपदफा (१) बमोजिमको रेडियोधर्मी पदार्थ निकासी वा पैठारी गर्न इजाजतपत्र जारी गर्ने शर्त, प्रकृया, मापदण्ड तथा अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।"

५२. मूल विधेयकको परिच्छेद-१२ लाई परिच्छेद-११ कायम गरी परिच्छेद शीर्षकमा रहेका "पारमाणविक सुरक्षा र भौतिक संरक्षण सम्बन्धी" भन्ने शव्दहरुको सट्टा "रेडियोधर्मी पदार्थको सुरक्षा र भौतिक संरक्षण सम्बन्धी" भन्ने शव्दहरु राख्ने ।

५३. मूल विधेयकको दफा ४६ अब कायम हुने दफा ४५ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्ने

"(१) नियमनकारी निकायले रेडियोधर्मी पदार्थ र संयन्त्रको भौतिक संरक्षणका लागि सुरक्षा सम्बेदनशिलता र मापदण्ड बमोजिम रेडियोधर्मी पदार्थको वर्गीकरण गर्न सक्नेछ ।"

(२) उपदफा (२) मा रहेको "पारमाणविक" भन्ने शव्दको सट्टा "रेडियोधर्मी पदार्थको" भन्ने शव्दहरु राख्ने र सोही उपदफाको खण्ड (ग) मा रहेका "पारमाणविक पदार्थ तथा" भन्ने शव्दहरु झिक्ने ।

(३) उपदफा (३) मा रहेका "पारमाणविक पदार्थ," भन्ने शव्दहरु झिक्ने ।

(४) उपदफा (४) मा रहेका "पारमाणविक पदार्थ," भन्ने शव्दहरु झिक्ने र सोही उपदफाको खण्ड (क) मा रहेका "यथासक्य छिटो" भन्ने शव्दहरुका सट्टा "तत्काल" भन्ने शव्द र खण्ड (ख) मा रहेका "सात दिनभित्र" भन्ने शव्दहरुको सट्टा "तीन दिनभित्र" भन्ने शव्दहरु राख्ने ।

(५) उपदफा (५) मा रहेको "तुरुन्त" भन्ने शव्दको सट्टा "तत्काल" भन्ने शव्द राख्ने।

५४. मूल विधेयकको दफा ४७ अब कायम हुने दफा ४६ को,-

(१) उपदफा (१) मा रहेका "पारमाणविक पदार्थ," भन्ने शव्दहरु झिक्ने।

(२) उपदफा (२) मा रहेका "पारमाणविक पदार्थ," भन्ने शब्दहरु र सोही उपदफामा रहेका "पारमाणविक पदार्थ वा" भन्ने शव्दहरु झिक्ने।

(३) उपदफा (३) मा रहेका "पारमाणविक पदार्थ," भन्ने शव्दहरु झिक्ने र सोही उपदफामा रहेका "अन्तर्राष्ट्रिय संस्थाबाट" भन्ने शव्दहरुको सट्टा "एजेन्सीबाट" भन्ने शव्द राख्ने ।

(४) उपदफा (४) झिक्ने ।

५५. मूल विधेयकको परिच्छेद-१३ लाई परिच्छेद-१२ कायम गरी परिच्छेद शीर्षकमा रहेका "कसूर र सजाय" भन्ने शव्दहरुको सट्टा "कसूर र सजाय सम्बन्धी व्यवस्था" भन्ने शव्दहरु राख्ने ।

५६. मूल विधेयकको दफा ४८ अब कायम हुने दफा ४७ को,-

(१) खण्ड (क) भन्दा अगाडि देहायको खण्ड (क) राखी त्यसपछिको खण्डक्रम मिलाउने :-

"(क) यस ऐन बमोजिम इजाजतपत्र नलिई वा इजाजतपत्रमा उल्लेखित शर्त वा ऐन, नियमावली, मापदण्ड वा निर्देशिकाको विपरीत आयनिकरण गर्ने विकिरण उत्पन्न गर्ने उपकरणको उत्पादन, संकलन, भण्डारण, सञ्चय, निकासी, पैठारी, ढुवानी, ओसारपसार, संचालन, विसर्जन र व्यवस्थापन गर्ने लगायतका क्रियाकलाप वा अभ्यास संचालन गर्ने, गराउने,"

(२) खण्ड (क) अब कायम हुने खण्ड (ख) मा रहेका "ऐन वा नियमावली वा निर्देशिकाको विपरित पारमाणविक पदार्थ, रेडियोधर्मी पदार्थ, विकिरणको स्रोत तथा" भन्ने शव्दहरुको सट्टा "ऐन, नियमावली, मापदण्ड वा निर्देशिकाको विपरीत रेडियोधर्मी पदार्थ," भन्ने शव्दहरु राख्ने ।

(३) खण्ड (ख) अब कायम हुने खण्ड (ग) मा रहेका "पारमाणविक पदार्थ वा" भन्ने शव्दहरु र सोही खण्डमा रहेको "गम्भीर" भन्ने शब्द झिक्ने।

(४) खण्ड (ग) अब कायम हुने को खण्ड (घ) मा रहेको "पारमाणविक" भन्ने शव्द र सोही खण्डमा रहेको "गम्भीर" भन्ने शब्द झिक्ने।

(५) खण्ड (घ) र (ङ) अब कायम हुने खण्ड (ङ) र (च) मा रहेका "पारमाणविक पदार्थ वा" भन्ने शव्दहरु झिक्ने ।

(६) खण्ड (च) अब कायम हुने खण्ड (छ) मा रहेका "खण्ड (ख) र (घ)" भन्ने शव्दहरुको सट्टा "खण्ड (ग) र (ङ)" भन्ने शव्दहरु राख्ने ।

(७) खण्ड (छ) अब कायम हुने खण्ड (ज) मा रहेका "पारमाणविक पदार्थ वा" भन्ने शव्दहरु झिक्ने ।

(८) खण्ड (ज) अब कायम हुने खण्ड (झ) मा ठाउँ ठाउँमा रहेका "पारमाणविक पदार्थ वा" भन्ने शव्दहरु झिक्ने ।

(९) खण्ड (ञ) झिक्ने ।

५७. मूल विधेयकको दफा ४९ अब कायम हुने दफा ४८ को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्ने :-

"(क) दफा ४७ को खण्ड (क) बमोजिमको कसूर गरेमा आयनिकरण गर्ने विकिरण उत्पन्न गर्ने उपकरणहरू जफत गरी एक लाख रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म जरिवाना वा एक वर्षदेखि तीन वर्षसम्म कैद वा दुवै,"

(२) खण्ड (क) पछि देहायको खण्ड (ख) थपी त्यसपछिको खण्डक्रम मिलाउने :-

"(ख) दफा ४७ को खण्ड (ख) बमोजिमको कसूर गरेमा रेडियोधर्मी पदार्थ जफत गरी सात लाख रुपैयाँदेखि बाह्र लाख रूपैयाँसम्म जरिवाना र पाँच वर्षदेखि दश वर्षसम्म कैद,"

(३) खण्ड (ख) अब कायम हुने खण्ड (ग) मा रहेका "दफा ४८ को खण्ड (ख) र (ग)" भन्ने शव्दहरुको सट्टा "दफा ४७ को खण्ड (ग) र (घ)" भन्ने शव्दहरु राख्ने ।

(४) खण्ड (ग) अब कायम हुने खण्ड (घ) मा रहेका "दफा ४८ को खण्ड (घ), (ङ), (च), (छ), (ज), (झ) र (ञ)" भन्ने शव्दहरुको सट्टा "दफा ४७ को खण्ड (ङ), (च), (छ), (ज), (झ) र (ञ)" भन्ने शव्दहरु राख्ने ।

(५) उपदफा (१) को खण्ड (घ) लाई उपदफा (२) कायम गरी सो को सट्टा देहाय बमोजिमको उपदफा (२) राख्ने :-

"(२) दफा ४७ को उपदफा (१) मा उल्लिखित कसूर गर्न कसैले आदेश दिएमा वा दुरूत्साहन गरेमा कसूरदारलाई भए सरह र कसूर गर्न सहयोग गर्ने मतियारलाई त्यस्तो कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।"

(६) उपदफा (२) अब कायम हुने उपदफा (३) मा रहेका "आयानिकृत विकिरण संलग्न" भन्ने शव्दहरुको सट्टा "आयनिकरण गर्ने विकिरणसँग सम्बन्धित" भन्ने शव्दहरु राखे ।

(७) उपदफा (३) अब कायम हुने उपदफा (४) मा रहेका "कम्पनी वा" भन्ने शव्दहरु झिक्ने ।

५८. मूल विधेयकको दफा ४९ अब कायम हुने दफा ४८ पछि देहायको दफा ४९ थप गरी त्यसपछिको दफाक्रम मिलाउने :-

"४९. <u>जरिवाना गर्ने</u>: यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड वा शर्त विपरीत इजाजतपत्रवालाले कुनै कार्य गरेमा त्यस्तो इजाजतपत्रवालालाई नियमनकारी निकायले पहिलो पटक भए एक लाख रुपैयाँसम्म र त्यसपछिको हकमा एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना गर्नेछ ।"

५९. मूल विधेयकको दफा ५० को सट्टा देहायको दफा ५० राखे :-

"५०. <u>क्षतिपूर्ति</u> : (१) दफा ४७ को उपदफा (१) बमोजिमको कसूरबाट कुनै व्यक्तिको मृत्यु भएमा त्यस्तो व्यक्तिको प्रचलित कानून बमोजिमको हकवालालाई उचित क्षतिपूर्ति र शारीरिक क्षति वा चोटपटक लागेमा त्यस्तो शारीरिक क्षति वा चोटपटक लागे बापत निजलाई उचित क्षतिपूर्ति वा उपचार खर्च कसूरदारबाट प्रचलित कानून बमोजिम भराई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम क्षतिपूर्ति वा उपचार खर्च व्यहोरेको कारणबाट यस ऐन बमोजिम हुने सजायमा कसूरदारलाई छुट हुने छैन ।

(३) उपदफा (१) बमोजिमको क्षतिपूर्ति माग गर्नु परेमा कुनै व्यक्तिको मृत्यु भएको वा शारीरिक क्षति वा चोटपटक लागेको अवस्थामा तीस वर्षभित्र र अन्य कुनै हानी नोक्सानी भएकोमा थाहा पाएको मितिले एक वर्षभित्र उजुरी दिनु पर्नेछ ।"

६०. मूल विधेयकको दफा ५१ मा रहेका "सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९" भन्ने शव्दहरुको सट्टा "मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४" भन्ने शव्दहरु राखे ।

६१. मूल विधेयकको दफा ५२ पछि परिच्छेद १४ को विविध अन्तर्गत देहायको दफा ५३ थप गरी त्यसपछिको दफाक्रम मिलाउने :-

"५३. <u>अनुसन्धान केन्द्र सम्बन्धी व्यवस्था</u> : (१) नेपाल सरकाले पारमाणविक पदार्थ सम्बन्धी विषयमा अध्ययन अनुसन्धान गर्ने प्रयोजनको लागि एक पारमाणविक अनुसन्धान केन्द्र स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुसन्धान केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) रेडियोधर्मी तथा पारमाणविक पदार्थ र प्रविधि सम्बन्धी ज्ञान अभिबृद्धिका लागि आवश्यक दक्ष जनशक्तिको विकास गर्ने,

(ख) विभिन्न प्रकारका विकिरणको प्रभावबाट हुन सक्ने सम्भाव्य नकारात्मक प्रभावको नियन्त्रण सम्बन्धमा अध्ययन अनुसन्धान गरी नेपाल सरकालाई सुझाव दिने,

(ग) नेपालमा प्राकृतिक रुपमा उपलब्ध हुन सक्ने रेडियोधर्मी एवं पारमाणविक पदार्थको सम्बन्धमा विस्तृत अध्ययन, अनुसन्धान गर्ने,

(घ) स्वास्थ्य, कृषि, पशु, उद्योग, पूरातात्विक वस्तुको संरक्षण, भूमिगत जलश्रोत एवं भौतिक पूर्वाधार विकास र खाद्य पदार्थको सुरक्षित भण्डारणको लागि पारमाणविक प्रविधिको सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने,

(ङ) साईक्लोटन प्रविधिको विकास गरी स्वदेशमा नै रेडियो आइसोटप्स उत्पादन गर्ने,

(च) आन्तरिक तथा बाह्य कारणबाट नेपाल राज्यभित्र विकिरणका प्रभाव मूल्यांकन गरी सोको कारण तथा नियन्त्रण एवं क्षतिपूर्तिका सम्बन्धमा अध्ययन गरी निर्देशक समितिमा पेश गर्ने ।"

६२. मूल विधेयकको दफा ५३ अब कायम हुने दफा ५४ मा रहेको "खनिज" भन्ने शव्दको सट्टा "सोसँग सम्बन्धित" भन्ने शव्दहरु राखे ।

६३. मूल विधेयकको दफा ५३ अब कायम हुने दफा ५४ पछि देहायको दफा ५५ थप गरी त्यसपछिको दफाक्रम मिलाउने :-

"५५. <u>विशेष व्यवस्था</u> : नेपाल सरकारले राष्ट्रिय सुरक्षा तथा सार्वजनिक हितको दृष्टिकोणबाट महत्वपूर्ण रेडियोधर्मि पदार्थ वा सो सँग सम्बन्धित अभ्यास वा कृयाकलाप नेपाल सरकारले मात्र गर्ने गरी तोक्न सक्नेछ।"

६४. मूल विधेयकको दफा ५४ अब कायम हुने दफा ५६ को सट्टा देहायको दफा ५६ राखे :-

"५६. <u>विदेशमा भएको फैसला कार्यान्वयन</u> : विकिरण सम्बद्ध हानी नोक्सानी सम्बन्धी मुद्दामा क्षतिपूर्ति भराउने गरी नेपाल पक्ष भएको विकिरण सम्वद्ध दायित्व सम्बन्धी लिखत अनुसार सो घटनाका सम्बन्धमा क्षेत्राधिकार भएको कुनै विदेशी अदालतको अन्तिम फैसलालाई प्रचलित कानूनको अधीनमा रही नेपालका अदालतको फैसला सरह मान्यता दिई कार्यान्वयन गरिनेछ ।"

६५. मूल विधेयकको दफा ५७ अब कायम हुने दफा ५९ को दफा शीर्षकमा रहेको "निर्देशिका" भन्ने शव्द अगाडि "मापदण्ड" भन्ने शव्द थप गर्ने र सोही दफामा रहेका "नियमनकारी निकायसँग परामर्श गरी आवश्यक निर्देशिका" भन्ने शव्दहरुको सट्टा "आवश्यक मापदण्ड, निर्देशिका तथा कार्यविधि" भन्ने शव्दहरु राखे ।